नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः-
चलानी नं.:-

मितिः २०८१।०७।१३

नेपाल सम्वत ११४४

## विज्ञप्ति

काठमाडौंस्थित नर्वेजियन राजदूतावासको नं. ८०/२४ मिति २३ सेप्टेम्बर २०२४ को कूटनीतिक नोट र परराष्ट्र मन्त्रालयको च.न. EA/EU/NOR/१३/२९०४ मिति २०८१।०६।१० गतेको पत्रानुसार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री माननीय विद्या भट्टराईज्यूसँग नेपालका लागि नर्वेका राजदूत महामहिम Ms. Torun Dramdal ज्यूको शिष्टाचार भेटघाट कार्यक्रम सम्पन्न भयो। भेटघाटको क्रममा माननीय मन्त्रीज्यूले महामहिम राजदूत र उहाँका साथमा आउनुभएका प्रतिनिधिलाई मन्त्रालयमा स्वागत गर्नुभयो। मन्त्रीज्यूले नर्वे सरकारबाट नेपालको शिक्षा क्षेत्रमा भएको सहयोगको प्रशंसा गर्नुभयो। महामहिम राजदूतले जलवायु परिवर्तन, विद्यालय दिवा खाजा, शासकीय सुधार, समावेशी शिक्षा जस्ता क्षेत्रहरू नर्वे सरकारको प्राथमिकतामा रहेको र आगामी दिनमा पनि नेपालको शिक्षा क्षेत्रमा सहयोग प्रदान गर्ने विकास साझेदारको रूपमा रहने कुरा व्यक्त गर्नुभयो। मन्त्रीज्यूले नेपाल सरकारको प्राथमिकता प्राप्त क्षेत्रमा नर्वे सरकारको सहयोगलाई विविधीकरण गर्न र दुई देशबिचको साझेदारीलाई अझ बलियो बनाउन अनुरोध गर्नुभएको बेहोरा सम्वन्धित सबैमा जानकारीका लागि अनुरोध छ।

.............................

लक्ष्मीप्रसाद भट्टराई

सहसचिव एवम् प्रवक्ता

फोन नं.:
वेबसाइटः www.moest.gov.np